स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०६ संख्याः १९ मितिः २०७९।१०।१०**

## भाग-१

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।१०।०६ गते विरुवा गाउँपालिकाको १२ औं गाउँसभाले बनाएको **"विरुवा गाउँपालिकाको गाउँ प्रहरी ऐन २०७९"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

विरुवा गाउँपालिका भरि सार्वजनिक सम्पतीको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै गाउँ प्रहरी संगठन स्थापना र संचालन गर्न बान्छनीय भएकोले नेपालको संबिधान अनुसूची ८ १) र धारा २२६ १) द्वारा प्रदत्त अधिकारको प्रयोग गरि विरुवा गाउँसभाले विरुवा गाउँपालिका प्रहरीको गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न यो ऐन जारी गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम **"विरुवा गाउँपालिकाको गाउँ प्रहरी ऐन २०७९"** भन्ने रहेको छ ।

(२) यो ऐन विरुवा गाउँपालिका भरमा लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को आर्थ नलागेमा यस ऐनमा

क) “ऐन” भन्नाले विरुवा गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

ख) “गाउँपालिका” भन्नाले विरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) “अध्यक्ष भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विरुवा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) “गाउँ प्रहरी” भन्नाले यस ऐन अन्तर्गत विरुवा गाउँपालिकामा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

च) “गाउँ प्रहरी प्रमुख” भन्नाले जुनियर डयूटी अफिसरलाई सम्झनुपर्छ ।

## परिच्छेद — २

## गाउँ प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **गाउँ प्रहरीको गठनः** (१) यस ऐन वमोजिम गाउँपालिकामा एक पालिका प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा १) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण गाउँ कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

४. **गाउँ प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** (१) गाउँपालिकामा गठन हुने प्रहरी सेवामा रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ३

## पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **पालिका प्रहरी कर्मचारीको कर्तव्यः** (१) पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिएको र देहाय बमोजिमको हुनेछः

क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

ख) गाउँपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण,

ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन,

ङ)  गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,

च)  न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन,

छ)  सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,

ज)  विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना,

झ)  स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण,

ञ)  छाडा पशु चौपायाको नियन्त्रण,

ट)  अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ)  कार्यालयले तोकेको अन्य कार्य,

## परिच्छेद — ४
## तह सृजना र पदपूर्ति

६. **पालिका प्रहरीको दरवन्दी सृजनाः** (१) गाउँपालिकामा रहने गाउँ प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी नियमावलीमा/ कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) गाउँ प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्यविवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

७. **पालिका प्रहरीमा रहने पदहरुः** (१) पालिका प्रहरीमा देहा बमोजिमका पदहरु रहनेछन् ।

क) गाउँ प्रहरी सहायक निरिक्षक सहायक स्तर चौथो- इञ्चार्ज- १ जना

ख) गाउँ प्रहरी जवान सहायक स्तर दोश्रो- २ जना

ग) गाउँ प्रहरी सहयोगी विविध स्तर — २ जना

८. **पदपुर्ति समितिको गठन** (१) गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी पदपूर्ति सम्बन्धि कार्याविधि वमोजिमको पदपूर्ती समितिले नै गाउँ प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ ।

९. **परीक्षणकालमा राखिनेः** (१) नयाँ नियुक्ति गरिएका गाउँ प्रहरी कर्मचारीलाई तोकिए वमोजिम परीक्षणकालमा राख्न सकिनेछ ।

१०. **पालिका प्रहरीको आवश्यक योग्यताः** (१) गाउँ प्रहरीको योग्यता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) गाउँ प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछन ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** गाउँ प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **नियुक्ति सदरः** गाउँ प्रहरीले आधारभूत तालिम गर्नुपर्ने भनि तोकिएको पाठ्यक्रम अनुसार उत्तिर्ण भएमा कार्यपालिकाको निर्णयले नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद — ५

## सजाय र पुनरावेदन

१३. **सजायः** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाइ देहायको सजाय गर्न सकिनेछ

क. नसिहत दिने ।

ख. तलब बृद्धि रोक्का गर्ने ।

ग. तल्लो तहमा घटुवा गर्ने

घ. लापरवाही गरी गाउँपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गरिने,

ङ. भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

च. भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने

१४. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने गाउँ प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा १) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका गाउँ प्रहरी कर्मचारीलाई प्रकृया पुरा गरी सेवाबाट हटाईने छ ।

१५. **तलब वा वढुवा रोक्नेः** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजन नभएमा सजाय गर्ने अधिकारीको निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१६. **तह र तलब घटाउनेः** (१) कुनै गाउँ प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क. सन्तोषजनक काम नगरेमा

ख. अनुशासनहिनता गरेमा

ग. आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा

घ. गाउँपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ. मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरर्वाही गरेमा वा पुरा नगरेमा

१७. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) गाउँ प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

ख) राजनीतिमा भाग लिएमा

ग) बारम्बार अनुशासनहीन काम गरेमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा

ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा

च) प्रचलित कानुन बमोजिम भ्रष्ट्रचारजन्य कसुर गरेमा

छ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा

च) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

१८. **सजाय सम्बन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) गाउँ प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिँदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्बन्धमा नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

१९. **पुनरावेदन लाग्नेः** दफा १३ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र न्यायिक समितिको सचिवालयमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेदः ६
## तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

२०. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः** (१) गाउँ प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ७

## पोशाक र दर्ज्यानी चिन्ह

२१. **पोशाक र चिन्हः** पालिका प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ८

## अवकाश र उपदान

२२. **अवकाश र उपदानः** अवकाश र उपदान तोकिए वमोजिम हुनेछ ।

## परिच्छेदः ९

## विविध

२३. **तालिमः** छनौट भएका गाउँ प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पुर्व नेपाल प्रहरीसँगको समन्वयमा आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

२४. **पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने गाउँ प्रहरीलाई गाउँपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

२५. **कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले गाउँ प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

२६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यपालिकाले आवश्यक

नियमावली तथा कार्यविधि, मापदण्ड, निर्देशिका, बनाई लागु गर्न सक्नेछ ।

२७. **यस ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र नलेखिएको कुरा प्रचलित कानून अनुसार हुनेछ ।

२८. **बचाउः** यस अघि भए गरेको काम कारवाही समेत यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
अनन्तराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत